Australian Government | eSafetyCommissioner

# सामाजिक सञ्चार माध्यमको 'प्रतिबन्ध' वा ढिलाइ सम्बन्धि बारम्बार सोधिने प्रश्न (FAQ)[1]

## अष्ट्रेलियामा 16 वर्षमुनिका युवायुवतीहरूलाई अझ सुरक्षित राख्न मद्दत गर्ने सामाजिक सञ्चार माध्यम उमेर सीमाबारे तथ्यहरू पत्ता लगाउनुहोस्।

स्रोतहरू <नेपाली> भाषामा डाउनलोड गर्नुहोस् र तपाईंको समुदाय वा कार्यस्थलमा सामाजिक सञ्चार माध्यम उमेर सीमाहरूका बारेमा सही र उपयोगी जानकारी साझा गर्न मद्दत गर्नुहोस्।

तपाईंले यी परिवर्तनहरूका बारेमा आफ्ना बच्चासँग कसरी कुरा गर्ने भन्नेबारे सल्लाह पनि पाउन सक्नुहुन्छ।

### किन 16 वर्षमुनिकाहरूलाई सामाजिक सञ्जालमा `प्रतिबन्ध' लगाइएको छ?

**यो प्रतिबन्ध होइन, एकाउन्ट बनाउनमा ढिलाई हो।**

अस्ट्रेलियामा 16 वर्षभन्दा कम उमेरका व्यक्तिलाई खाता खोल्न वा राख्न उमेर-प्रतिबन्धित प्लेटफर्महरूले अब अनुमति दिन पाउने छैनन्। त्यो किनभने खातामा सक्रिय रहँदा उनीहरूले सामना गर्न गाह्रो हुनसक्ने दबाब र जोखिममा पर्नसक्ने सम्भावना बढाउँछ। यी सामाजिक मिडिया प्लेटफर्म डिजाइन विशेषताहरूबाट आउँछन् जसले उनीहरूलाई स्क्रिनमा अझ बढी समय बिताउन प्रोत्साहित गर्दछन् र नकारात्मक, दुःखदायी वा सञ्चालित हुने/गराउने सामग्री देख्ने/हेर्ने सम्भावना बढाउँछन्।

उदाहरणका लागि, बेपत्ता हुने सामग्री हेर्नुपर्ने र लगातार आउने सूचना तथा चेतावनीहरूको प्रवाहलाई प्रतिक्रिया दिनुपर्ने दबाब स्वास्थ्य हानीसँग जोडिएका छन् – यी हानीमा निद्राको कमी, ध्यान केन्द्रित गर्न कठिनाइ, र तनावको स्तर बढ्नुजस्ता समस्याहरू पर्दछन्। हानिकारक सामग्रीसँगको अत्यधिक सम्पर्कले तत्कालीन तथा दीर्घकालीन स्वास्थ्य र माङ्गल्य दुवैमा असर पार्नसक्छ।

हाल अधिकांश प्लेटफर्महरूले खाता खोल्न न्यूनतम उमेर 13 वर्ष तोकेको भए पनि पहुँचलाई 16 वर्षसम्म ढिलाइ गर्दा युवाहरूलाई महत्वपूर्ण कौशल र परिपक्वता विकास गर्न थप समय मिल्ने छ। यो डिजिटल साक्षरता, आलोचनात्मक तर्कशीलता, आवेग नियन्त्रण र अधिक लचिलोपन निर्माण गर्ने चौतारी हो।

यसको मतलब 16 वर्षभन्दा कम उमेरका बालबालिकालाई अनलाइन जोखिम र त्यसका प्रभावहरूबारे सिकाउन, अनलाइनमा कसरी सुरक्षित रहने र आवश्यक पर्दा सहयोग कसरी माग्ने भन्ने बारे थप समय उपलब्ध हुन्छ भन्ने पनि हो। यसले युवाहरूलाई 16 वर्ष पुगेपछि पूर्ण सामाजिक मिडिया खाता प्रयोग गर्न अनि  समस्याहरूको निवारण तथा सामना गर्न अझ राम्रो मौका प्रदान गर्ने छ।

यो कानून 16 वर्षभन्दा कम उमेरका सबैमा लागू हुने भएकाले अभिभावक तथा हेरचाहकर्ताहरूले अब उनीहरूलाई स्वास्थ्यमा नकारात्मक असर पार्नसक्ने प्लेटफर्ममा खाता खोल्न दिने कि सामाजिक रूपमा अलगिन नदिने भन्ने कठिन छनोट गर्नुपर्ने छैन। 16 वर्षमुनिका कसैले पनि `केही गुमाइरहेको` जस्तो महसुस गर्नुपर्दैन। आमाबाबु र हेरचाहकर्ताहरूले सामाजिक मिडिया खाताबारे हुन्छ' (yes) वा `हुँदैन' (no) भन्नुको सट्टा 'अहिले हैन` (not yet) भन्न सक्छन्।

### उमेर प्रतिबन्धहरू कहिले सुरु भयो?

यो कानून 10 डिसेम्बर 2025 मा लागू भयो। त्यसपछि, अष्ट्रेलियामा बसोबास गर्ने व्यक्तिहरूले 16 वर्षभन्दा कम उमेरका बालबालिकालाई खाता खोल्न वा निरन्तर प्रयोग गर्न नदिने उद्देश्यले उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्महरूले कदम चालिरहेको देखेका छन्।

eSafety ले यो एक जटिल कार्य भएको स्वीकार गर्दछ, र प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्महरूले कानूनी आवश्यकताहरू पूरा गर्न उचित कदमहरू कार्यान्वयन गरून् भन्ने सुनिश्चित गर्न उद्योगसँग निरन्तर सहकार्य गर्दै जानेछ।

---

1 22 जनवरी 2026 सम्मको अद्यावधकि जानकारी

## कुन प्लेटफर्महरू उमेर-प्रतिबन्धित छन्?

Facebook, Instagram, Snapchat, TikTok र YouTube ले 'उमेर-सीमित सामाजिक मिडिया प्लेटफर्म' को रूपमा कानूनले परिभाषित गर्ने धेरै मापदण्डहरू पूरा गर्छन्। eSafety ले ती कम्पनीहरूले गरेका स्व-मूल्याङ्कनहरू (self-assessments) को समीक्षा गर्दै छ — जसमा उनीहरूले किन आफूहरू यस न्यूनतम उमेरको आवश्यकता पालन गर्नुपर्ने वा नपर्ने ठान्छन् भन्ने स्पष्टीकरणसमेत पर्दछ।

उद्योगसँगको सहकार्यमार्फत हामीले सुनेका छौँ कि सामाजिक मिडियाका उमेर-सीमा सम्बन्धी नियमहरूको प्रतिक्रियामा धेरै प्लेटफर्महरूले आफ्ना सेवामा परिवर्तन गर्ने बारे विचार गरिरहेका छन्।

16 वर्षभन्दा कम उमेरका केही प्रयोगकर्ताहरू अन्य प्लेटफर्मतर्फ सर्नसक्ने सम्भावनालाई विचार्दै eSafety ले वृहत सेवाहरूसँग सहकार्य गरिरहेको छ। हामीले WhatsApp, X, Roblox, Pinterest, Discord, Lego Play, Reddit, Kick, GitHub, HubApp, Steam, Twitch र Match Group द्वारा प्रदान गरिएका प्लेटफर्महरूका लागि स्व-मूल्याङ्कन अनुरोध गरेका छौं। यस अनुरोधको अर्थ ती उमेर-प्रतिबन्धित प्लेटफर्महरू हुन् भन्ने होइन, eSafety ले थप जानकारी चाहन्छ भन्ने मात्र हो।

उमेर सम्बन्धी प्रतिबन्धहरू सञ्चार मन्त्रीले 2025 जुलाईमा जारी गरेका वैधानिक नियमहरू मा निर्दिष्ट मापदण्डका आधारमा बहिष्कृत नगरिउन्जेल तीनवटा विशेष शर्तहरू पूरा गर्ने सामाजिक सञ्चारमाध्यम प्लेटफर्महरूमा सामान्यतः लागू हुन्छ।

सन्देशप्रेषण वा अनलाइन गेमिङ सुविधा उपलब्ध गराउनु एकल वा मुख्य उद्देश्य भएका प्लेटफर्महरू वैधानिक नियमहरूका आधारमा बहिष्कृत गरिएका सेवाका अनेक प्रकारहरूमध्ये पर्दछन्।

### बहुउद्देश्यीय प्लेटफर्महरू

यो याद गर्नु महत्त्वपूर्ण छ कि धेरै प्लेटफर्महरूका धेरै उद्देश्यहरू हुन्छन्।

उदाहरणका लागि, केही सन्देशप्रेषण सेवाहरूमा सामाजिक - मिडिया शैली सुविधाहरू छन् जसले प्रयोगकर्ताहरूलाई सन्देशप्रेषण बाहेक अन्य तरिकाले अन्तरक्रिया गर्न अनुमति दिन्छन्। यदि यी सामाजिक सञ्चार माध्यम शैलीका सुविधाहरूको प्रत्यक्ष सामान्य प्रयोगको कारणले सेवाको प्राथमिक उद्देश्य परिवर्तन भए ती उमेर प्रतिबन्धहरूमा पर्नसक्छन्।

अनलाइन सेवाहरू प्रयोग गर्ने तरिका समयसँगै परिवर्तन हुनसक्छ, धेरै सेवाहरूका धेरै उद्देश्यहरू हुन्छन्, र नयाँ सेवाहरू निरन्तर विकसित भइरहेका छन्। बहिष्करणका लागि वैधानिक नियमहरू पालना गर्न थालेका, निरन्तर गरिरहेका वा गर्न छोडेका आधारमा उमेर-प्रतिबन्धित प्लेटफर्महरू परिवर्तन हुनसक्छन्।

## के पहिले नै खाता भएका 16 वर्षमुनिकाहरूलाई ती प्रयोग गर्न अनुमति दिइने छ?

दिइने छैन। उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्महरूले 16 वर्षमुनिका व्यक्तिहरूले राखेका खाताहरू फेला पार्न र हटाउन वा निष्क्रिय गर्न उचित कदमहरू चाल्नुपर्ने छ।

## के नाबालिग प्रयोगकर्ताहरूले 16 वर्षको पुगेपछि आफ्ना पुराना खाताहरू पुनः सक्रिय गर्नसक्ने छन्?

यसको निर्णय प्रत्येक प्लेटफर्ममा निर्भर हुन्छ। यसले नाबालिगका खाता हटाउनसक्छ (त्यसैले प्रयोगकर्ताले 16 वर्ष पूरा भएपछि फेरि साइन अप गर्नुपर्ने छ) वा खाता निष्क्रिय बनाउनसक्छ (त्यसैले प्रयोगकर्ता 16 वर्ष पुगेपछि यसलाई यसको सबै चालु जडानहरूसँग सजिलै पुन: सक्रिय बनाउन सकिन्छ)। eSafety प्रयोगकर्ताहरूलाई विकल्प दिइयोस् भन्ने सुझाव गर्दछ।

## 16 वर्षमुनिका बालबालिकाहरूले उमेर प्रतिबन्धको पालना नगरे जरिवाना हुन्छ?

उमेर - प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्ममा पहुँच गर्ने 16 वर्षमुनिका बालबालिका वा उनीहरूका आमाबाबु वा हेरचाहकर्ताहरूलाई कुनै जरिवाना लाग्नदैन।

यो युवाहरूलाई दण्ड दिने वा अलग्याउने कुरा नभएर उनीहरूको सुरक्षा सम्बन्धी विषय हो। यसको लक्ष्य भनेको आमाबाबु र हेरचाहकर्ताहरूलाई 16 वर्षमुनिका बालबालिकाहरूको स्वास्थ्य र माङ्गल्यलाई सहयोग पुऱ्याउन मद्दत गर्नु हो।

अर्कातिर, उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्महरूले 16 वर्षमुनिका प्रयोगकर्ताहरूलाई आफ्नो प्लेटफर्ममा खाता खोल्नबाट रोक्न उचित कदम नचाले जरिवाना भोग्न सक्छन्।

## 16 वर्षमुनिका बालबालिकालाई उमेर-प्रतिबन्धबाट जोगिने वैकल्पिक उपायहरू पैल्याउनबाट कसरी रोक्न सकिन्छ?

धेरैजसो सामाजिक मिडिया सेवाहरूमा हाल खाताधारकहरूको लागि न्यूनतम उमेरको आवश्यकता छ, तर तिनीहरूले यसलाई प्रायः लागू गर्दैनन्। त्यो अब स्वीकार्य हुने छैन। नयाँ कानूनले 16 वर्षमुनिका प्रयोगकर्ताहरूले खाता खोल्न वा राख्न नसकून् भनेर उचित कदम चाल्न उमेर-प्रतिबन्धित सामाजिक सञ्चारमाध्यम प्लेटफर्महरूलाई अनिवार्य बनाउँछ।

प्रयोगकर्ताहरूको गोपनीयता सुरक्षित राख्दै यसलाई सम्भव बनाउने प्रणालीहरू र प्रविधिहरू उपलब्ध छन्। केही प्रविधिहरू त सामाजिक सञ्चारमाध्यम प्लेटफर्महरूले पहिले नै प्रयोग गरिरहेका छन्।

अवश्य पनि, कुनै समाधान 100% समयमा 100% प्रभावकारी हुने सम्भावना कमै हुन्छ। कसैले चुरोट र मदिरामा लागू भएका प्रतिबन्धहरू छले झैं केही 16 वर्षमुनिकाहरूले उमेर-प्रतिबन्धलाई छल्ने उपाय फेला पार्न सक्छन् भन्ने हामीलाई थाह छ।

खाताधारक नाबालिग हुनसक्ने संकेतहरू देखिएमा उमेर - प्रतिबन्धित प्लेटफर्महरूले कदम चाल्ने अपेक्षा गरिन्छ।

यसमा कोही 16 वर्ष मुनिको छ कि छैन भनेर पत्ता लगाउन मद्दत गर्नसक्ने उमेर-सम्बन्धित संकेतहरूको मूल्याङ्कन पर्नसक्छ। यी संकेतहरूमा निम्न कुराहरू पर्नसक्छन्

- खाता कति लामो समयदेखि सक्रिय छ
- खाताधारकले 16 वर्षमुनिका बालबालिकाहरूलाई लक्षित गरिएको सामग्रीसँग अन्तरक्रिया गर्दछ कि गर्दैन, खातावालाले प्रयोग गरेको भाषा स्तर र शैलीको विश्लेषण र उनीहरूले अन्तरक्रिया गर्ने व्यक्तिहरू
- खाता धारकका फोटो तथा भिडियोहरू हेरी अनुहार–आधारित उमेर विश्लेषण जस्ता दृश्य जाँचहरू
- खातावालाको आवाजको उमेर अनुमान जस्ता अडियो विश्लेषण
- गतिविधिका ढाँचाहरू स्कूल तालिकासँग मिल्दाजुल्दा
- 16 वर्षभन्दा कम उमेरका देखिने अन्य प्रयोगकर्ताहरूसँगको सम्बन्ध
- युवा केन्द्रित समूह, मञ्च वा समुदायहरूको सदस्यता।

उमेर-प्रतिबन्धित प्लेटफर्महरूले खाताधारक साधारणतया अष्ट्रेलियामै बसोबास गर्छ कि गर्दैन भन्ने पत्ता लगाउन साथै अष्ट्रेलियाबाहिर भएको जस्तो देखिन उनीहरूले VPN प्रयोग गर्दैछन् कि छैनन् भन्ने पहिचान गर्न आवश्यक कदमहरू चाल्नु अनिवार्य हुन्छ। यसमा स्थान-आधारित सङ्केतहरूको प्रयोग पर्दछ जस्तै:

- आईपी (IP) ठेगाना(हरू)
- GPS वा अन्य स्थान सेवाहरू
- यन्त्रको भाषा र समय सेटिङहरू
- यन्त्र सङ्केतक
- अष्ट्रेलियन फोन नम्बर
- एप स्टोर वा अपरेटिङ सिस्टम वा खाता सेटिङहरू
- फोटाहरू, ट्यागहरू, सम्बन्धहरू, संलग्नता वा गतिविधि।

यी उमेर र स्थान सम्बन्धी सङ्केतहरूको प्रमाणले उमेर प्रमाणीकरण प्रक्रिया सुरु गर्ने वा यदि खाता पहिले नै जाँचिएको भए त्यसको समीक्षा गर्ने अपेक्षा गरिन्छ।

## कानूनको पालना गर्न उमेर-प्रतिबन्धित सामाजिक मिडिया प्लेटफर्महरूले के गर्नुपर्ने छ?

उमेर-प्रतिबन्धित प्लेटफर्महरूले निम्न कुरा गर्नका लागि उचित कदमहरू चाल्ने अपेक्षा गरिन्छ::

- 16 वर्षभन्दा कम उमेरका चालु खाताहरू फेला पार्ने, र ती खाताहरू निष्क्रिय गर्ने वा हटाउने
- 16 वर्षमुनिकाहरूलाई नयाँ खाताहरू खोल्नबाट रोक्ने
- 16 वर्षमुनिकाहरूले प्रतिबन्धहरू बेवास्ता गर्नसक्ने वैकल्पिक उपायहरू रोक्नु
- गल्तीले कोही प्रतिबन्धमा परेको वा छुटेको भए त्रुटिहरू सुधार गर्न प्रक्रियाहरू गर्ने ताकि कसैको खाता अन्यायपूर्ण रूपमा नहटाइयोस्

प्लेटफर्महरूले मानिसहरूलाई नाबालिग खाताहरू रिपोर्ट गर्न, वा यदि तिनीहरू गल्तीले उमेर - प्रतिबन्धित छन् भने समीक्षा अनुरोध गर्नको लागि स्पष्ट तरिकाहरू पनि प्रदान गर्नुपर्छ।

उमेर-प्रतिबन्धित प्लेटफर्महरूले 16 वर्षमुनिका प्रयोगकर्ताहरूका खाता निष्क्रिय पार्नु वा हटाउनुअघि सरल र निर्बाध रूपमा डाउनलोड गर्ने तरिका सम्बन्धी जानकारी पनि उपलब्ध गराउनु पर्छ वा खाता निष्क्रिय भएपछि उपयुक्त समय अवधिमा आफ्नो जानकारीमा पहुँचको अनुरोध तिनीहरूले गर्नसक्ने छन। जानकारी सजिलै पहुँचयोग्य ढाँचामा प्रदान गरिनु पर्छ। प्लेटफर्महरूले अन्त-प्रयोगकर्तालाई आफ्नो जानकारी र सामग्री अन्य सेवामा सार्नसक्ने वा 16 वर्ष पुगेपछि पुनः साइन अप गर्दा त्यही प्लेटफर्ममा जानकारी अपलोड गर्न सक्ने ढाँचाहरूको विचार गर्नुपर्छ।

प्लेटफर्महरूबाट हुनुपर्ने कामहरू सामाजिक मिडिया न्यूनतम उमेर नियामक दिशानिर्देश मा तोकिएका छन्।

## 16 वर्षमुनिकाहरूलाई खाताहरू राख्न अनुमति दिने उमेर-प्रतिबन्धित प्लेटफर्महरूका लागि के-कस्ता दण्डहरू छन् ?

कुनै प्लेटफर्मले  नाबालिग प्रयोगकर्ताहरूलाई आफ्नो प्लेटफर्ममा खाता खोल्नबाट रोक्न उपयुक्त कदमहरू नचाले अदालतले त्यस प्लेटफर्ममाथि नागरिक दण्डको आदेश दिनसक्छ। यसमा कर्पोरेसनहरूका लागि अदालतले लगाएको 150,000 जरिवाना एकाइहरू पर्दछन् — हाल कुल $49.5 मिलियन अष्ट्रेलियन डलर बराबर छ।

eSafety ले अनुपालनको अनुगमन गर्ने  र कानून लागू गर्ने छ। यो अनलाइन सुरक्षा ऐनमा(Online Safety Act) प्रदान गरिएका विभिन्न नियामक अधिकारहरू मार्फत गरिने छ।

## के उमेर प्रतिबन्धहरूले 16 वर्षमुनिकाहरूलाई अनलाइन हुनुको महत्त्वपूर्ण फाइदाहरू पहुँच गर्न रोक्दैन?

16 वर्षमुनिकाहरूले सामाजिक सञ्चारमाध्यमका उमेर-सम्बन्धी प्रतिबन्धले नसमेटेका अनलाइन सेवाहरू, साइटहरू र एपहरू अझै पनि प्रयोग गर्न सक्छन्।

अष्ट्रेलियाली सरकार डिजिटल अधिकारको व्यापकतासँग सुरक्षा सन्तुलन गर्नुपर्ने आवश्यकताप्रति सचेत छ। 16 वर्षमुनिकाहरूले सम्बन्ध, सिर्जनशीलता, सिकाइ, स्वास्थ्यसम्बन्धी सल्लाह र मनोरञ्जनको अवसर प्रदान गर्ने उमेर-प्रतिबन्धित नभएका प्लेटफर्महरूमा अझै पनि अन्वेषण गर्न र आफूलाई अभिव्यक्त गर्नसक्ने छन्।

साथै, सन्देश प्रेषण वा अनलाइन गेमिङ सुविधा दिने एकल वा मुख्य उद्देश्य राख्ने प्लेटफर्महरू वैधानिक नियमअनुसार उमेर सीमाबाट बहिष्कृत गरिएका विभिन्न प्रकारका सेवाहरूमा पर्दछन्। समावेश नगरिएका सेवाहरूका बारेमा थप पढ्नुहोस्।

16 वर्षमुनिका बालबालिकाहरूले संकटको समना गरिरहेका भए आवश्यक जानकारी र सहयोग प्रदान गर्ने अनलाइन सेवाहरूमा समेत उनीहरूको पहुँच जारी राख्न पनि सक्छन्।

## मेरो सन्तानलाई सामाजिक सञ्चारमाध्यममा कहिल्यै समस्या परेको छैन भने उनीहरू किन वञ्चित हुनुपर्ने?

युवाहरू सबै उस्तै हुँदैनन् भन्ने हामीलाई थाहा। उनीहरूले सामाजिक सञ्चारमाध्यमका विविध प्लेटफर्महरू विभिन्न तरिकाले प्रयोग गर्छन् र त्यसले उनीहरूलाई विभिन्न प्रकारका हानिको जोखिममा पार्नसक्छ।

यद्यपि, अष्ट्रेलियाको संसदले 16 वर्षमुनिका अष्ट्रेलियामा बसोबास गर्ने सबै मानिसहरूको भलाइको लागि प्रतिबन्धको पक्षमा मतदान गरेको थियो। यो ढिलाइ मदिरा तथा चुरोटको बिक्रीप्रतिका प्रतिबन्धहरू जस्ता उमेर-आधारित अन्य कानूनहरू सरह छ।

कानून सबैमा लागू हुने भएकाले आमाबाबु र हेरचाहकर्ताहरूले अब 16 वर्षमुनिकाहरूलाई उनीहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्नसक्ने प्लेटफर्ममा खाताहरू खोल्न अनुमति दिने वा सामाजिक रूपमा उनीहरु बहिष्कृत नभएको सुनिश्चित गर्ने बीच छनौट गर्न आवश्यक पर्दैन। 16 वर्षमुनिका कसैले पनि `केही गुमाइरहेको` जस्तो महसुस गर्नुपर्दैन। आमाबाबु र हेरचाहकर्ताहरूले सामाजिक मिडिया खाताबारे हुन्छ’ (yes) वा `हुँदैन’ (no) भन्नुको सट्टा ‘अहिले हैन` (not yet) भन्न सक्छन्।

## के 16 वर्षमुनिकाहरूले खाताबिना सामाजिक सञ्चारमाध्यमका फिडहरू अझै पनि हेर्नसक्ने छैनन्?

16 वर्षमुनिकाहरूले खातामा लगइन गर्न आवश्यक नपर्ने सार्वजनिक रूपमा उपलब्ध सामाजिक मिडिया विषयवस्तुहरू अझै पनि हेर्न सक्छन्। खातामा लगइन गर्नुपर्ने भएकाले तिनीहरू सामाजिक मिडियाका केही हानिकारक डिजाइन विशेषताहरूको सम्पर्कमा आउने सम्भावना कम हुन्छ।

उदाहरणका लागि, हाल अधिकांश सामग्रीहरू YouTube मा खाता नखोले पनि हेर्न सकिन्छ।

अर्को उदाहरण यो हो कि जो कोहीले सामाजिक सञ्चार माध्यमहरूलाई होस्ट प्लेटफर्म (मञ्च प्रदायक)को रूपमा प्रयोग गर्ने व्यवसाय वा सेवाहरूको ल्याण्डिङ पेजहरू(प्रवेश पृष्टहरू) जस्ता Facebook का केही सामग्रीहरू हेर्न सक्दछन्।

16 वर्षमुनिकाहरूले संकट अनुभव गरिरहेका भए आवश्यक जानकारी र सहयोग प्रदान गर्ने अनलाइन सेवाहरूको पहुँच जारी राख्न सकून् भन्ने अभिप्राय अस्ट्रेलियाली सरकारको भएकाले निश्चित सेवाहरूलाई प्रतिबन्धमुक्त राख्ने वैधानिक नियमहरू  बनाइएका छन्।

## के अष्ट्रेलियामा बस्ने प्रत्येक व्यक्तिले अब सामाजिक मिडिया प्रयोग गर्न आफ्नो उमेर प्रमाणित गर्नुपर्ने छ?

पर्दैन। eSafety ले प्रयोगकर्ता १६ वर्ष वा सोभन्दा माथिको हो भनी संकेत गर्ने अन्य सही डेटा भएको खण्डमा प्लेटफर्मले प्रत्येक खाता धारकलाई उमेर जाँच प्रक्रियाबाट गुज्रन बाध्य पार्ने कुराको अपेक्षा गर्दैन।

उदाहरणका लागि, यदि 2006 मा अष्ट्रेलियामा फेसबुक सुरु भएदेखि कसैको खाता छ भने, Meta ले यथोचित रूपमा उनीहरू 16 वर्षभन्दा माथिका छन् भनेर मान्न सक्छ त्यसैले थप जाँच आवश्यक छैन।

## आफ्नो उमेर प्रमाणित गर्नुपर्ने अष्ट्रेलियामा बसोबास गर्ने मानिसहरूका लागि कुन विधिहरूलाई अनुमति दिइन्छ?

खाता खोल्ने बेलामा र पछि उमेर जाँच गर्न धेरै प्रविधिहरू उपलब्ध छन्। कुन विधिहरू प्रयोग गर्ने भन्ने निर्णय प्रत्येक प्लेटफर्ममा निर्भर राहन्छ।

प्रयोगकर्ताहरूको गोपनीयता सुरक्षित राख्दै यसलाई सम्भव बनाउने प्रणालीहरू र प्रविधिहरू उपलब्ध छन्। केही प्रविधिहरू त सामाजिक सञ्चारमाध्यम प्लेटफर्महरूले पहिले नै प्रयोग गरिरहेका छन्।

## के अष्ट्रेलियामा आफ्नो उमेर प्रमाणित गर्नुपर्ने मानिसहरूलाई सरकारी ID प्रयोग गर्न बाध्य पारिने छ?

छैन। वास्तवमा, सामाजिक मिडिया न्यूनतम उमेर कानूनले विशेषगरी अष्ट्रेलियाका बासिन्दाहरूलाई सरकारद्वारा जारी गरिएको आईडी प्रदान गर्न वा उनीहरूको उमेर प्रमाणित गर्न अष्ट्रेलिया सरकारबाट मान्यताप्राप्त डिजिटल आईडी सेवा प्रयोग गर्न बाध्य पार्न प्लेटफर्महरूलाई निषेध गर्दछ।

प्लेटफर्महरूले यसलाई विकल्पको रूपमा प्रस्ताव गर्न सक्छन्, यद्यपि १६ वर्ष वा त्यस भन्दा माथिका व्यक्तिहरूले आफ्नो सरकारी परिचयपत्र नदिए पनि सामाजिक मिडिया खाता हासिल गर्नबाट रोकिन नपर्ने गरी एउटा उचित विकल्प उपलब्ध गराउनै पर्छ। यसमा ती परिस्थितिहरू पनि पर्दछन् जहाँ अन्य उमेर जाँच विधिहरूले प्रयोगकर्तालाई स्वीकार नगर्ने परिणाम दिन्छन्।

यदि कुनै प्लेटफर्मले अष्ट्रेलियाका बासिन्दाहरूलाई सरकारी ID प्रयोग गर्न लगाए eSafety ले $49.5 मिलियनसम्मको जरिवाना लिनसक्छ।

## 16 वर्ष वा सोभन्दा बढी उमेर भएको प्रमाण दिन उनीहरूले प्रयोग गर्ने परिचयसम्बन्धी जानकारी दुरुपयोग वा चोरी हुँदैन भनेर मानिसहरू कसरी निश्चिन्त हुन सक्छन्।

सामाजिक मिडिया न्यूनतम उमेर (Social Media Minimum Age) कानून गोपनीयता ऐन (Privacy Act) मा समाविष्ट चालू गोपनीयता सुरक्षाहरूमा आधारित छ। सुरक्षांशको रूपमा, प्लेटफर्महरूले प्रयोगकर्ता 16 वर्ष वा सोभन्दा माथिको छ भनी जाँच गर्न सङ्कलन गर्ने कुनै पनि व्यक्तिगत जानकारी उनीहरूको सहमति बिना मार्केटिङ लगायत अन्य उद्देश्यका लागि प्रयोग नगरिएको कुरा सुनिश्चित गर्नुपर्छ।

विभिन्न विधिहरूले गोपनीयता पनि कायम राख्दै प्रभावकारी उमेर जाँच प्रदान गर्ने कुरा अष्ट्रेलिया सरकारको उमेर आश्वासन प्रविधि परीक्षण (Age Assurance Technology Trial) ले पुष्टि गरेको छ। यसका अतिरिक्त, अष्ट्रेलियाली सूचना आयुक्तको कार्यालयले चाँडै गोपनीयतासम्बन्धी मार्गनिर्देशन जारी गर्ने छ।

## मेरो परिवारलाई तयारी गर्न मद्दत गर्न म अब के गर्न सक्छु?

कानूनमा भएको परिवर्तनले केही 16 वर्षमुनिकाहरूलाई दुःखित, चिन्तित वा क्रोधित पार्नसक्ने कुरा eSafety ले बुझ्दछ। कुराहरू गलत हुन थालेमा केही व्यक्तिहरू आफ्नो सामाजिक सञ्चारमाध्यमहरूको प्रयोगबारे बढी गोप्य हुनसक्छन् र विश्वसनीय वयस्कसँग उनीहरूले सहयोग माग्ने सम्भावना कम हुनसक्छ।

अभिभावक र हेरचाहकर्ताहरूले उमेर-प्रतिबन्धितसम्बन्धी प्रावधानहरू र नयाँ कानुनले उनीहरूमा पार्न सक्ने प्रभावबारे खुला रूपमा कुरा गरेर 16 वर्षभन्दा कम उमेरका बालबालिकालाई सहयोग गर्नु महत्त्वपूर्ण हुन्छ।

केही 16 वर्षमुनिकाहरूलाई उनीहरूको स्वास्थ्य र माङ्गल्यको लागि सहयोग खोज्न प्रोत्साहित गर्न आवश्यक हुनसक्छ। परामर्श र सहायता सेवाहरूको पूर्ण सूची हेर्नुहोस्।

याद गर्नुहोस्: 16 सम्म खाता पहुँचमा ढिलाइ गर्नुको लक्ष्य भनेको युवाहरूलाई उमेर-प्रतिबन्धित सामाजिक मिडियाको जोखिमको सामना गर्नुअघि महत्त्वपूर्ण सीप र परिपक्वता विकास गर्न थप समय दिनु हो।

## उमेर प्रतिबन्धले सामाजिक मिडिया प्लेटफर्महरू प्रयोग गर्ने विद्यालयहरूलाई कसरी असर गर्ने छ?

केही विद्यालयहरूले हाल शैक्षिक उद्देश्यका लागि प्रयोग गर्ने र आफ्ना विद्यार्थी र समुदायसँग सञ्चार गर्न प्रयोग गर्ने प्लेटफर्महरूमा उमेर प्रतिबन्ध लागू हुनसक्ने भएकाले तिनीहरूले विकल्पहरू खोज्न आवश्यक पर्नसक्छ।

यद्यपि, शिक्षकहरूलाई पाठ्यक्रम सामग्रीहरू साझा गर्न, असाइनमेन्टहरू व्यवस्थापन गर्न र सञ्चारलाई सहज बनाउन अनुमति दिने र विद्यार्थीहरूलाई कक्षाकोठा स्रोतहरू पहुँच गर्न, कार्य बुझाउन र साथीहरूसँग सहकार्य गर्न अनुमति दिने सिकाइ व्यवस्थापन प्रणालीहरूलाई उमेर प्रतिबन्धबाट बाहिर राखिएका छन्।

यी सेवाहरू प्रायः भिडियो कन्फरेन्सिङ, सन्देशप्रेषण र सेवामा सामग्री पोस्ट गर्ने क्षमता जस्ता अन्य उपकरणहरूसँग एकीकृत हुने हुँदा, यदि तिनीहरूको एकल वा प्राथमिक उद्देश्य प्रयोगकर्ताहरूको शिक्षालाई समर्थन गर्नु हो भने, बहिष्करण लागू हुनेछ।

शिक्षकहरूले उमेर-उपयुक्त शिक्षा सामग्रीहरू साझा गर्न आफ्नै खाताहरू प्रयोग गर्न सक्ने/नसक्ने लगायत थप मार्गनिर्देशनको लागि कृपया विद्यालय वा सम्बन्धित क्षेत्रका नीतिहरू र कार्यविधिहरूलाई हेर्नुहोस्।

## यदि केही गलत भयो र 16 वर्ष कम उमेरको मेरो बच्चा उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्ममा छ भने के हुन्छ?

तपाईंको बच्चाको उमेर जतिसुकै भए पनि, यदि उनीहरूसँग अनलाइनमा गलत भइरहेको छ भने उनीहरूले सहयोग लिनुपर्छ - चाहे उसको उमेर 16 वर्षभन्दा कम किन नहोस् र त्यो घटना उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्ममै किन नहोस्। उनीहरू प्लेटफर्ममा भएको कारणले कुनै समस्यामा पर्दैनन्।

ईसेफ्टी (eSafety) को ध्यान बालबालिकाहरू अनलाइनमा सुरक्षित रहून् भन्ने सुनिश्चित गर्नमा केन्द्रित हुन्छ, र उनीहरूलाई हानि पुर्‍याउने सामग्री हटाइयोस् वा उनीहरू विरुद्धका धम्की रोकियोस् भन्नेमा केन्द्रित हुन्छ। यदि हामीले साइबरबुलिङ वा फोटो/भिडियोमा आधारित दुर्व्यवहार (निजी तथा गोप्य तस्बिरहरू वा भिडियोहरू साझा गर्नु, वा साझा गर्ने धम्की दिनु) सम्बन्धी उजुरी प्राप्त गर्‍यौँ र यो घटना उमेर-प्रतिबन्धित प्लेटफर्ममा भएको छ भने, हामी उक्त प्लेटफर्मलाई त्यो खाता 16 वर्षभन्दा कम उमेरको व्यक्तिको हो भनेर जानकारी गराउने छैनौँ, न त उमेर-प्रतिबन्धहरूको पालना गर्न कारबाही गर्नुपर्छ भनेर सूचित गर्नेछौँ। 16 वर्षभन्दा कम उमेरका प्रयोगकर्ताहरूका खाता पहिचान गरी हटाउने वा निष्क्रिय गर्ने उचित कदम चाल्ने जिम्मेवारी प्लेटफर्महरूकै हुन्छ।

उमेर-प्रतिबन्धित प्लेटफर्मले eSafety सँगको समन्वय वा आफ्नै छानबिनमार्फत सम्बन्धित व्यक्तिहरूको उमेर पत्ता लगाउने सम्भावना हुन्छ, र 16 वर्षभन्दा कम उमेरका व्यक्तिहरूका खाता हटाउन वा निष्क्रिय गर्न सक्छ। तर हामी आमाबाबुहरूलाई जोडदार आग्रह गर्दछौँ कि 16 वर्ष मुनिकाहरूलाई जसरी भए पनि हानी/दुर्व्यवहारको जानकारी गर्न प्रोत्साहित गर्नुहोस्, ताकि उनीहरूलाई सुरक्षित राख्न सकियोस्।

बालबालिकाहरूका लागि eSafety को ‘I need help’ पृष्ठमा अनलाइनमा केही गलत भएमा तपाईंको बच्चाले के गर्न सक्छ भन्ने बारेमा थप विस्तृत जानकारी र मार्गदर्शन उपलब्ध छ। यदि उनीहरू eSafety मा रिपोर्ट गर्नका लागि अत्तालिएका छन् भने, पहिले नि:शुल्क, गोप्य सहायता सेवा जस्तै किड्स हेल्पलाइन (Kids Helpline) (24/7, 5 - 25 वर्षका लागि) वा हेडस्पेस (headspace) (12 - 25 वर्षका लागि), बियोण्ड ब्लू (Beyond Blue) (24/7, सबै उमेरका लागि), वा अन्य परामर्श वा सहायता सेवा रोज्न सक्छन्।

## के म 16 वर्षभन्दा कम उमेरको व्यक्तिलाई सामाजिक सञ्चार माध्यममा भएको आधारमा रिपोर्ट गर्न सक्छु?

ती प्लेटफर्महरूमा रिपोर्ट गर्न सकिन्छ।

उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यमका प्लेटफर्महरूले उमेर जाँच गर्नका लागि 16 वर्षभन्दा कम उमेरको बच्चाले प्रयोग गरिरहेको कुरा शङ्का लागेमा रिपोर्ट गर्न सकिने सरल तरिकाहरू प्रदान गर्नुपर्छ। तर प्लेटफर्महरूले 16 वर्ष वा सोभन्दा बढी उमेर भएका प्रयोगकर्ताहरूलाई गल्तीवश वा झूटो उजुरीका कारण सूचित गरिएमा वा हटाइएमा पुनरावेदन गर्न सकिने व्यवस्था पनि उपलब्ध गराउनुपर्छ।

यदि १६ वर्षभन्दा कम उमेरको व्यक्तिसँग उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यममा खाता छ भने, उनीहरूले कुनै कानून उल्लङ्घन गरेका मानिँदैन, र यसका कारण उनीहरू वा उनीहरूको परिवारमाथि कुनै आपराधिक मुद्दा वा जरिवाना लाग्दैन। यदि 16 वर्षभन्दा कम उमेरका व्यक्तिहरूले खाता खोल्न वा राख्न नदिन उचित कदम नचालेमा, केवल उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्महरूले मात्र दण्डको सामना गर्नुपर्ने हुन्छ।

**यसको अर्थ, यदि तपाई (वा कसैले) 16 वर्षभन्दा कम उमेर भएको वा आफ्नो खाता प्रमाणित नगराएको भन्दै जरिवाना तिर्न माग गरिएको अनुरोध प्राप्त गर्नुहुन्छ भने, त्यो ठगी हो — कुनै हालतमा तिर्नु हुँदैन। (ScamWatch हेर्नुहोस्)**

यसको अर्थ यो पनि हो कि अभिभावक, शिक्षक या प्रहरी सामु 16 वर्षभन्दा कम उमेरका प्रयोगकर्ताहरूको उजुरी गर्नुपर्ने जरुरी हुँदैन। तर, 16 वर्षभन्दा कम उमेरका प्रयोगकर्ताद्वारा गरिएको प्रयोगको उजुरीले प्लेटफर्मलाई उनीहरूले कसरी उमेर-जाँच प्रणाली छलिरहेका

छन् भन्ने बुझ्न मद्दत गर्न सक्छ, जसले सबैका लागि सुरक्षा उपायहरू अझ कडा बनाउन सहयोग पुऱ्याउँछ।

## यदि 16 वर्षभन्दा कम उमेरको कसैलाई उमेर-जाँचमा 16 वर्षभन्दा माथि देखाइयो भने, के त्यसको मतलब उनको खाता हटाइँदैन वा निष्क्रिय पारिँदैन?

होइन, उनीहरूको खाता जुनसुकै बेला हटाइन वा निष्क्रिय पारिन सक्छ।

उमेर-प्रतिबन्धित प्लेटफर्महरूले प्रयोगकर्ता पहिले नै उमेर जाँच पार गरिसकेका भए पनि, यदि प्रयोगकर्ता 16 वर्षभन्दा कम उमेरको हुन सक्ने सङ्केतहरू देखिएमा खातावालाको उमेर पुनः जाँच गर्ने अपेक्षा गरिन्छ।

यी संकेतहरू निम्न खालका हुन सक्छन्:

- प्रयोगकर्ताले 16 वर्ष कम उमेरका व्यक्ति लक्षित सामाग्रीमा ध्यान दिन्छ कि दिँदैन।
- प्रयोगकर्ताले प्रयोग गर्ने भाषा र कुराकानी गर्ने मानिसहरू
- दृश्य सामाग्रीको मूल्याङ्कन
- खातावालाको आवाजको उमेर अनुमान जस्ता अडियो विश्लेषण
- स्कूल तालिकासँग मिल्दाजुल्दा गतिविधिका ढाँचा
- 16 वर्षभन्दा कम उमेरका देखिने अन्य प्रयोगकर्ताहरूसँगको सम्बन्ध
- युवा समूह, पेज, छलफलमा सदस्यता

र, उमेर-प्रतिबन्धित सामाजिक सञ्चार माध्यम प्लेटफर्मले कोही प्रयोगकर्ता 16 वर्षभन्दा कम उमेरको पाएमा उजुरी गर्नसक्ने सहज तरिका उपलब्ध गराउनुपर्छ। तर प्लेटफर्महरूले 16 वर्ष वा सोभन्दा बढी उमेर भएका प्रयोगकर्ताहरूलाई गल्तीवश वा झूटो रिपोर्टका कारण सूचित गरिएमा वा हटाइएमा पुनरावेदन गर्न सकिने व्यवस्था पनि उपलब्ध गराउनुपर्छ।

eSafety को अनुपालन र कार्यान्वयनको दृष्टिकोण प्रणालीगत हुनेछ, यसले एक-एक जनाको उमेर-जाँचमा भर नपरी, प्लेटफर्महरूमा यथोचित प्रणाली र प्रक्रियाहरू व्यवस्था गरिएको छ कि छैन भन्ने कुरामा ध्यान केन्द्रित गर्नेछ।

## मेरो बच्चाको खाता अझै पनि छ। के त्यसको मतलब उनीहरूले त्यसमा कहिल्यै पहुँच गुमाउँदैनन् भन्ने हो ?

**होइन, त्यस्तो अवस्थामा पनि खाता जुनसुकै बेला हटाइन सक्छ।**

होइन, उनीहरूको खाता जुनसुकै बेला हटाइइन वा निष्क्रिय पारिन सक्छ। यहाँ केही उदाहरणहरू छन्।

- सही तथा अचूक उमेर-जाँच प्रक्रिया कार्यान्वयन गर्न प्लेटफर्महरूलाई केही दिनदेखि लिएर हप्तासम्म पनि लाग्न सक्छ।
- उमेर-प्रतिबन्धित प्लेटफर्महरूले प्रयोगकर्ता पहिले नै उमेर जाँच पार गरिसकेका भए पनि, यदि प्रयोगकर्ता 16 वर्षभन्दा कम उमेरको हुन सक्ने संकेतहरू देखिएमा खातावालाको उमेर पुनः जाँच गर्ने अपेक्षा गरिन्छ।
- कुनै प्रयोगकर्ता 16 वर्षभन्दा कम उमेरको भन्ने शंका लागेमा अर्को प्रयोगकर्ताले उजुरी गर्न सक्छन् र उमेर जाँच हुन सक्छ।
- हाल उमेर-प्रतिबन्धित नभएको कुनै प्लेटफर्मका सुविधामा वा यसको प्रयोग गर्ने तरिकामा परिवर्तन आएमा, त्यसलाई पुनः मूल्यांकन गर्न सकिन्छ।
- प्लेटफर्महरूले जाँच गर्न सक्ने केही सङ्केतहरूमा निम्न समावेश कुराहरू हुन सक्छन्:
- खाता प्रयोगकर्ताले 16 वर्ष कम उमेरका व्यक्ति लक्षित सामाग्रीमा ध्यान दिन्छ कि दिँदैन।
- प्रयोगकर्ताले प्रयोग गर्ने भाषा र कुराकानी गर्ने मानिसहरू
- दृश्य सामाग्रीको मूल्याङ्कन
- खातावालाको आवाजको उमेरको अनुमान जस्ता अडियो विश्लेषण
- विद्यालयको समय तालिकासँग मेल खाने गतिविधि ढाँचाहरू
- 16 वर्षभन्दा कम उमेरका देखिने अन्य प्रयोगकर्ताहरूसँग भएका सम्बन्धहरू
- युवा समूह, पेज, छलफलमा सदस्यता

**यदि तपाईंको 16 वर्षभन्दा कम उमेरको बच्चासँग अझै पनि कुनै सामाजिक सञ्चार माध्यमको खाता छ भने, तपाईंले प्लेटफर्महरूले कदम चाल्ने प्रतीक्षा गर्नुपर्दैन। तपाईंले निम्न कुराहरू गर्न सक्नुहुन्छ:**

- **उमेर-प्रतिबन्धका बारेमा आफ्नो बच्चासँग कुरा गर्नुहोस्, र ती नियमहरू उनीहरूको उमेरका व्यक्तिहरूलाई सुरक्षित राख्नका लागि बनाइएका हुन् भनेर बुझाइदिनुहोस्।**
- **अर्को बारम्बार सोधिने प्रश्नहरू (FAQ) 'म कसरी मेरो बच्चालाई सामाजिक सञ्चार माध्यमका खाताहरू हटाउनका लागि तयार हुन मद्दत गर्न सक्छु ?' मा  दिइएका चरणहरू पालना गर्नुहोस्।**
- **तपाईंको बच्चासँग भएका एप्सहरू हटाउनुहोस्।**

## थप जानकारी कहाँ प्राप्त गर्नसक्छु?

eSafety ले आमाबाबु र हेरचाहकर्ताहरू,  शिक्षकहरू र अन्य युवा सेवा गर्ने पेशेवरहरूका लागि वेबिनारहरू उपलब्ध गराएको छ, सहयोग गर्छ। र नयाँ र अद्यावधिक स्रोतहरू प्रकाशित गर्नेछ जसले उमेर प्रतिबन्धहरूले कसरी काम गर्छ भनेर बुझ्न उनीहरूलाई उपलब्ध गराएको छ, सहयोग गर्छ।

थप विवरणहरूका लागि तपाईं  esafety.gov.au भ्रमण गर्न सक्नुहुन्छ।

## उमेर प्रतिबन्धहरूका बारेमा तपाईंको बच्चासँग कुरा गर्दा

[सामाजिक मिडिया उमेर प्रतिबन्धहरूको लागि आफ्ना बच्चाहरूलाई तयार गर्न मद्दत गर्नुहोस्।]

## साझा गर्न सकिने चीजहरु डाउनलोड गर्नुहोस्

[सामाजिक मिडिया उमेर प्रतिबन्धहरूका बारेमा उपयोगी जानकारीसहितका स्रोतसाधनहरू <नेपाली> भाषामा उपलब्ध छन्। स्रोतसाधनहरू डाउनलोड गर्नुहोस्।]